मिति २०७७।०५।१७ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेंलाललगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) भक्तपुरको ३५ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो।

जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारिहरू

सल्लाहकार(DCCMC) - प्रमुख श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिवप्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरीक्षक श्री उद्धवबहादुर न्यौपाने, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

आमन्त्रित

१. प्रा.डा. श्री प्रेम ज्ञवाली- शहिद धर्म भक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर
२. डा. ऋषिकेशनारायण श्रेष्ठ, भक्तपुर क्यान्सर अस्पताल

छलफलका विषयहरु

१. निषेध आदेश सम्बन्धमा।
२. एकीकृत क्वारेन्टीन व्यवस्थापन सम्बन्धमा
३. होल्डिङ सेन्टर सम्बन्धमा।
४. विविध।

निर्णय

१. जिल्लामा निर्माण गरिएका एकीकृत क्वारेन्टिनको व्यवस्थापन स्थानीय तह, रेडक्रस, स्वास्थ्य कार्यालय, अस्पतालहरू र जिल्ला खेलकुद विकास समितिको समन्वयमा गर्ने।
२. कोभिड-१९ संक्रमणको कारण जिल्लामा मृत्यु हुन गएका व्यक्तिको सन्दर्भमा मृत प्रमाणित गर्ने कार्य भक्तपुर अस्पताल र स्वास्थ्य कार्यालयले गर्ने।
३. विदेशबाट फर्कने नागरिकहरूलाई होल्डिङ्ग सेन्टरसम्म ल्याउन र त्यहाँबाट क्वारेन्टिन स्थल वा स्वयमको गन्तव्य स्थलसम्म पुर्याउनको लागि सवारी व्यवस्थापनमा सहजीकरण गर्ने।
४. विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमण सन्दर्भमा मन्त्रिपरिषद् बैठक मिति २०७७।०५।०१ को निर्णय कार्यान्वयन सम्बन्धमा र च.नं. ४७३ मिति २०७७।०५।०२ गतेको गृह मन्त्रालयको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा प्राप्त पत्रअनुसार जिल्लाभित्र निरन्तर बढिरहेको कोभिड-१९ को प्रभाव र सोको रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी बनाउन जिल्लामा अत्यावश्यक काम कारवाही बाहेक अन्य गतिविधिहरूमा निषेध गराउन मिति २०७७।०५।०२ गतेदेखि जारी निषेध आदेशलाई निरन्तरता दिन जिल्ला सुरक्षा समितिलाई सिफारिस गर्ने।